# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश, बुटवल

### प्रदेश निजामती सेवा अन्तर्गत अधिकृतस्तर एघारौं तहका (प्राविधिक) पदहरुको कार्यक्षमताको मूल्याङ्कनद्धारा हुने बढुवाको सूचना ।

सूचना नं.-८०/०८३-८४ प्रकाशन मिति २०८३/०६/३०

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा ७ बमोजिम तपसिल बमोजिमका पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्धारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/०८/०३ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिन्छ ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समुह | कार्यक्षमता मूल्याङ्कनद्धारा हुने पद संख्या |
|---|---|---|---|---|---|
| १ | १०/०८३-८४ | प्रमुख मेडिकल सुपरिटेन्डेन्ट | एघारौं | प्रदेश स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १ |
| २ | ११/०८३-८४ | प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/प्याथोलोजी/जनरल प्याथोलोजी | १ |
| ३ | १२/०८३-८४ | प्रमुख कन्सल्टेण्ट इ.एन.टि.सर्जन | एघारौं | प्रदेश स्वास्थ्य/अटोरिनोल्यारिङ्गोलोजी | १ |
| ४ | १३/०८३-८४ | प्रमुख कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | एघारौं | प्रदेश स्वास्थ्य/मेडिकल जनरलिष्ट | १ |
| ५ | १४/०८३-८४ | सहसचिव(प्रा.)/महानिर्देशक | एघारौं | प्रदेश कृषि | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| | |
|---|---|
| **दरखास्त दस्तुरः** | रु. १५००/- (एक हजार पाँच सय रुपैयाँ) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः** | राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ । |
| **कार्यालय कोडः** | २१०००४८०१५ |
| **राजस्व शिर्षक नं.** | १४२२४ (लुम्बिनी प्रदेश लोक सेवा आयोग) |

**नोटः**

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।**

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

१. प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ३२ बमोजिम बढुवाको लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

२. जेष्ठताको गणना प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५७(२) बमोजिम हुनेछ ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय कितावखाना (निजामती) वाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. दरखास्त दिने अन्तिम मिति (२०८३/०८/०३ गते)भित्र निर्धारित शैक्षिक योग्यता, अनुभव, काउन्सिल दर्ता र नवीकरणको प्रमाणपत्र  र अन्य योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनु पर्नेछ ।

५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ ।

७. कार्यक्षमताको मूल्याङकनद्वारा हुने बढुवाको हकमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४) र दफा ३९(१)(ग)  बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

८. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१ र दफा ३८(२) बमोजिम हुनुपर्नेछ ।